# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 13.03.2025

## होली

सारा देश संग संगै सिक्किममा पनि भोलि रंग र अबीरको त्यौहार होली भोलि मनाइनेछ। यस अवसरमा विभिन्न ठाँउहरूमा विविध कार्यक्म आयोजित हुनेछ। छिमेकी राष्ट्र नेपालमा पनि होलीको धूमधामछ।

## पाक्योंङ हवाईअड्डा

पाकिम हवाई अड्डाका निदेशक संजीव कुमार सिंहले आउँदो वर्ष दिसेम्बर सम्म हवाईअड्डा संपूर्ण रूपमा संचालनमा आएर यात्रीहरूको ठूलो संख्याको आवत जावतमा सहायक हुने भन्नुभएकोछ। हवाई अड्डालाई विस्तार गर्ने योजना र क्षेत्रमा हवाई यात्राको बढ़दो मागले गर्दा यो सकरात्मक दृष्टिकोण आएको हो। पाकिम हवाईअड्डाले सिक्किमबाट दिल्ली, कोलकाता, मुम्बई , हैदराबाद र बैंगलुरूसित व्यवसायिक एअरलाईन कम्पनीहरू मार्फत, सम्पर्क दरिलो पार्ने लक्ष्य राखेको छ।

संजीव कुमार सिंहले आकाशवाणी गान्तोकसित विशेष कुराकानीमा के भन्नुभयो भने, पाकिम, पूर्वोत्तरमा पहिलो हरित क्षेत्र हवाई अड्डा हो अनि देशमा पाँच सबभन्दा सुन्दर हवाई अड्डाहरू मध्ये एक हो।

हालैमा नागरिक उड्डयन राज्य मन्त्री मुरलीधर मोहोल.. ले गान्तोकमा पाकिम हवाईअड्डाको संचालनबारे एउटा उच्च स्तरीय बैठक गर्नुभएको थियो। बैठकमा राखिएको प्रस्ताव बमोजिम दिल्ली देखि पाकिम सम्म संचालन हुनेभएको विमानलाई दिल्ली देखि बागडोगरा अनि फेरि बागडोगरा देखि पाकिम ल्याउन सकिन्छ।

प्रतिकूल मौसममा, यात्रीहरूलाई बागडोगरा हवाईअड्डा झार्न सकिन्छ अनि मौसम ठीक भएको खंडमा उनीहरूलाई पाकिम हवाईअड्डामा ल्याउन सकिन्छ। श्री सिंहले पाकिम हवाईअड्डा क्षेत्रीय संपर्क योजना अन्तर्गत पर्छ भन्नुभयो। पहाड़लाई काट्ने काम युद्ध स्तरमा जारी रहेको उहाँले भन्नुभयो। त्यसपछि Advance Landing System तथा Intermediate Approach Light Facility को पनि जड़ान गरिनेछ। पाकिम हवाई अड्डा संपूर्ण रूपले संचालनमा आएपछि पर्यटन क्षेत्रले पनि ठूलो टेवा पाउनेछ। श्री सिंहले थप भन्नुभयो, यसले इंजीनियरिङ प्रबन्धन तथा अन्यहरूका स्नातकहरूका लागि रोजगार सृजना पनि गर्नेछ।

## राज्यपाल सिक्किम

खेल र युवा मामिलाकी सचिव, श्रीमती यांगदेन डोमा तामांङले सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरसित राजभवनमा शिष्टाचार भेट गर्नुभयो। बैठको बेला श्रीमती तामाङले राज्यापाल महोदयलाई 17 देखि 20 मार्च सम्म आयोजित हुने भएको आठौं उत्तर पूर्व युवा महोत्सव 2025 को उद्घाटन समारोहमा शामेल हुने निमन्त्रण दिनुभयो। श्री माथुरले निमन्त्रणलाई स्वीकार गर्दै यस आयोजनको सफलताका लागि आफ्नो शुभकामनाहरू दिनुभएको छ। यस चार दिवसीय कार्यक्रममा पूर्वोत्तर क्षेत्रका हजारौं युवाहरू शामेल हुनेछन् अनि कैयन प्रतियोगिताहरूमा भाग लिनेछन्। यसले उत्तर पूर्वी राज्यहरूका युवा प्रतिभाहरूलाई एक मंच प्रदान गर्नेछ साथै क्षेत्रको समृद्ध सांस्कृतिक धरोहरलाई पनि उजागर पार्नेछ।

**भारतीय रिजर्भ ब्याङ्क**

भारतीय रिजर्भ ब्याङ्कले गान्तोकमा टाउनहिल मा आज एउटा बैठक आयोजित गर्यो जसमा लगभग पचास ब्याङ्कहरू अनि 200 ब्याङ्क ग्राहकहरू उपस्थित थिए। बैठकमा भएको छलफल रिजर्भ ब्याङ्क एकीकृत Ombudsman योजना माथि केन्द्रित थियो।

पश्चिम बंगाल र सिक्किमका भारतीय रिजर्भ ब्याङ्क एकीकृत Ombudsman योजना प्रमुख श्री रबिन्द्र किशोर पाण्डाले कैयन ब्याङ्क ग्राहकहरूसित उनीहरूका जिज्ञासाहरू संबन्धित प्रश्नहरूको जवाफ दिनुभयो। कार्यक्रममा आबिआई, गान्तोकका क्षेत्रिय निदेशक T Tamang को उपस्थिति थियो।

**पंचावती राज संस्था**

गान्तोक जिल्लाका पंचावती राज संस्थानका कार्यहरू संबधी परिचय समन्वय बैठक आज गान्तोकको जनता भवनको परिसरमा संपन्नभयो।

**वेभ्स –दिल्ली कार्यक्रम**

विदेश मन्त्री डॉ सुब्रह्मण्यम जयशंकर अनि सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णव आज  नयाँ दिल्लीमा विश्व अडियो भिजुअल तथा मनोरञ्जन शिखर सम्मेलन – वेभ्स 2025 का सन्दर्भमा आयोजित एक कार्यक्रममा सहभागी हुनुभयो। कार्यक्रममा सूचना तथा प्रसारण राज्यमन्त्री श्री एल. मुरूगन र आयोजक राज्य महाराष्ट्रका मुख्यमन्त्री श्री देवेन्द्र फडणवीस पनि उपस्थित हुनुहुन्थ्यो।

**मौसम**

स्थानीय मौसम विज्ञान विभागले दिएको जानकारी अनुसार आजको अधितकतम तापक्रम 14.5 डिग्री सेल्सियस अनि न्यूनतम तापक्रम 10.6 डिग्री सेलसियस रह्यो।

भोलि 14 मार्च सामान्यतः बादल छाउने अनि फाटफुट वर्षा, बिजुली गर्जनका साथ पानी पर्ने पूर्वनुमान गरिएको छ।

अधिकतम तापक्रम 14 डिग्री सेल्सियस र न्यूनतम 9 डिग्री सेल्सियस रहनेछ।